Research Article
Bhairahawa Campus Journal, 6(1-2), 2023: 96–110
ISSN: 2795-1979
DOI: https://doi.org/10.3126/bhairahawacj.v6i1-2.65185

# संविधानसभा निर्वाचन घोषणा र नेपाल कम्युनिष्ट पार्टी (सं. २००७-२०१४)

**गणेश प्रसाद पाण्डेय**
**भैरहवा बहुमुखी क्याम्पस**

**सोधसारः**

वि.सं.२००७ सालको परिवर्तन पश्चातको शाही घोषणामा राजा त्रिभुवनले स्पष्ट रुपमा विधानसभा मार्फत भावी संविधान निर्माण गर्ने बचनबद्धता प्रकट गरेका थिए । उनको त्यस बचन बद्धतापछि उक्त विषयले नेपालमा बैधानिक कानुनी मान्यता प्राप्त गरेको थियो । राजा त्रिभुवनको वि.सं.२००७ साल फागुन ७ गतेको घोषणा क्रान्तिको सार्थक प्रत्याभुति थियो । तर वि.सं.२००७ को अन्तरीम शासन विधान घोषणा गर्दा उनले अघिल्लो घोषणाको महत्वपुर्ण अंश प्रजातान्त्रिक शब्दावलीको स्थानमा गणतन्त्रात्मक भन्ने शब्द प्रयोग गरे । यस समयबाट राजनीतिक दलहरुको राजा प्रति विश्वास टाढिदै जान थाल्यो । मन्त्रीमण्डलहरु चाँडै चाँडै गठन र विघटन हुनु, मन्त्रीमण्डलमा संलग्न व्यक्ति तथा दलहरुको बीचमा मेल नुहुनु, नेताहरुमा अनुभवको कमी हुनु आदि कारणले विधानसभाको निर्वाचन अनिश्चय बन्न पुग्यो । राजा त्रिभुवन तथा उनका उत्तराधिकारीबाट समेत विधानसभा निर्वाचनको पहल हुनुको सट्टा विधानसभा निर्वाचनको विरुद्धमा कहिले प्रत्यक्ष रूपमा र कहिले अप्रत्यक्ष रुपमा सरकारलाई नै प्रयोग गरियो ।

तत्कालिन अस्थिर राजनितिक वातावरणमा सत्ताको राजनितिबाट टाढा रही निरन्तर रुपमा विधानसभाको निर्वाचनका लागि एकल तथा सामुहिक दुबै रुपमा सशक्त किसिमले निश्चित राजनितीक निति र कार्यक्रम सहित नेकपा राजनितिमा देखा परेको थियो । सार्वभौमसत्ता सम्पन्न विधानसभा निर्वाचनका लागि पार्टीले सभा जुलुस गर्ने, हस्ताक्षर अभियान संचालन गर्ने, संयुक्त मोर्चाको गठन गर्ने, सरकारलाई चेतावनी पत्र दिने, संयूक्त कार्यक्रम संचालन गर्ने आदि गतिविधिहरुमा संलग्न रह्यो । पार्टीको प्रथम सम्मेलनदेखि द्वितीय महाधिवेसनसम्म विधानसभाको निर्वाचनको एकल कार्यक्रम लिएर नेपाली राजनितिमा अहम् भूमिका निर्वाह गऱ्यो । तर द्वितिय महाधिवेशन पछिको बहुमत नेतृत्व भने उक्त विधानसभाको निर्वाचनको पक्षमा देखा परेन । नेतृत्वले विधानसभाको निर्वाचन र राजा महेन्द्रबाट घोषित संसदको निर्वाचनलाई एउटै रुपमा व्याख्या गर्न थाल्यो । पार्टीको बहुमत नेतृत्व द्वितीय महाधिवेशनको पारित कार्यक्रम विरुद्ध देखा परेकाले पार्टीको निति र कार्यक्रम प्रति प्रतिबद्ध नेता तथा कार्यकर्ताहरुले पार्टी केन्द्रसँग सम्बन्ध विच्छेद समेत गरे । पार्टी भित्र विधानसभाको पारित कार्यनितिको विषयलाई लिएर गमभीर मतभेद देखा पऱ्यो । पार्टी बहुमत संसदीय निर्वाचनको पक्षमा रहेको हुँदा विधानसभा निर्वाचन को विषय राजनितिक मागको रुपमा तत्कालका लागि रहेन ।

❖ **त्रि.वि.मानविकी तथा सामाजिकशारुत्र संकाय ईतिहास केन्द्रिय विभागमा विद्यावारिधि प्रयोजनार्थ प्रस्तुत गोष्ठी पत्र**

## नेपाल कम्युनिष्ट पार्टीको स्थापना र तत्कालिन राजनितिक परिवेश

नेपाल कम्युनिष्ट पार्टीको स्थापना विसं २००६ सालमा भारतको कलकत्तामा घोषणासभाद्वारा भएको थियो । (के.सी., २०५६, पृ. २१) स्थापनापछिको पहिलो पर्चामा भनिएको छ :

"वास्तवमा नेपालका यस्ता समस्त प्रजातान्त्रिक शक्तिहरूलाई एकताबद्ध गर्ने क्षमता क्रान्तिकारी समितिहरूमा हुनुपर्दछ जो राणाशाहीलाई ध्वंस गरेर पनि अविराम गतिले समाजवाद र साम्यवादी क्रान्तितिर लम्कोस्" ( के.सी., वि.सं. २०५६, पृ. ६२) ।

यही पर्चामा क्रान्तिको अन्तिम उद्देश्य व्याख्या गर्दै भनिएको छ :

"सामन्ति शासन व्यवस्थालाई चकनाचुर गर । विदेशी साम्राज्यवाद र भारतीय पूँजीवादको प्रभाव र घेरादेखि अलग होऊ । मजदुर किसानको शासन खडा गर । यस शासनमा धनी, साम्राज्यवादी र प्रतिक्रियावादीका दलालहरू बाहेक सबै शोषित जनतालाई हिस्सा देऊ । राणाहरूसँग सम्झौता होइन क्रान्ति । क्रान्ति । क्रान्ति ॥ (पुष्पलाल, २०५३, पृ. ३९)

उल्लेखित पर्चाबाट नेकपा आफ्नो उद्देश्यमा स्पष्ट र दृढ रहेको देखिन्छ । पार्टीले स्थापनाकाल देखि नै नेपालको सामन्ति राणाशाही व्यवस्था र विदेशी प्रभावलाई अन्तगरि शासन व्यवस्थामा शोषित जनताको हिस्सा प्राप्त गर्ने आफ्नो लक्ष्य प्रष्ट पार्ने काम गरेको देखिन्छ । यही अपिलका साथ नेकपा नेपालको राजनीतिक रङ्गमञ्चमा प्रवेश गरेको थियो । नेकपा स्थापना भएको छोटो समयावधि पछि नै नेपाली कांग्रेसले राणा शासन विरुद्ध वि.सं. २००७ सालमा क्रान्तिको उद्घोष गर्‍यो । घोषित क्रान्तिमा नेपाल कम्युनिष्ट पार्टी, नेपाल प्रजा परिषद र नेपाली राष्ट्रिय कांग्रेसको अघोषित सहभागिता थियो । देशका सबै राजनीतिक शक्तिहरू अघोषित रूपमा अलग अलग उद्देश्यबाट क्रान्तिमा संलग्न थिए (पन्थी, ई.सं. २००७, पृ.३५४) । नेपाली कांग्रेस पार्टी वाहेक अन्य आन्दोलनमा संलग्न राजनीतिक पार्टीहरूसँग सरसल्लाह नै नगरीकन भारतको मध्यस्थतामा राणा, राजा र नेपाली कांग्रेस विच त्रिपक्षीय दिल्ली सम्झौता भयो । सम्झौता अनुसार नेपाली कांग्रेसले क्रान्तिको अन्त्यको घोषणा गर्‍यो (अधिकारी, वि.सं. २०५९, पृ. ८७) । नेकपाले भने दिल्ली सम्झौतालाई 'धोखा' को संज्ञा दिई असहमति जाहेर गर्‍यो । पुष्पलालको भनाइमा :

"राणाहरूको जहाँनिया शासन विरुद्ध मात्र केन्द्रित आन्दोलन सम्पूर्ण सामन्ती व्यवस्था विरुद्ध परिणत हुँदै गैरहेको थियो । दिल्ली सम्झौताले राणा शाही र सामन्ती व्यवस्थालाई क्रान्तिको मारबाट बचायो । दिल्ली संझौता भारतीय एकाधिकार पुँजीवादको तत्वाधानमा सम्पन्न भएको थियो" (पुष्पलाल, वि.सं. २०७३, पृ.३९)

दिल्ली सम्झौताको कम्युनिष्ट पार्टीले विरोध गर्दा उक्त सम्झौताको उपलब्धिको बिरोध गरेजस्तो देखिए तापनि मूल रूपमा पार्टी सो सम्झौताको उपलब्धिको रक्षक थियो भन्ने कुरा उसका पछिल्ला गतिविधिहरूले प्रष्ट पारेको देखिन्छ । दिल्ली सम्झौता गरी नेपाल फर्केका राजा त्रिभुवनले वि.सं. २००७ साल फागुन ७ गते एक घोषणा गर्दै "हाम्रा प्रजाको शासन अव उप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधान अनुसार होओस् भन्ने उल्लेख गरे (देवकोटा, वि.सं. २०५८, पृ. ८७) । यस घोषणापछि मात्र विधानसभाको राजनीतिक मुद्दाले नेपालमा वैधानिक अभीरुची बृद्धि गरेको हो । सोही घोषणाबाट राणा-

कांग्रेस अन्तरिम मन्त्रीमण्डल गठन भयो । जसको मुख्य कार्य विधान परिषदको निर्वाचन गर्नु थियो । उक्त उद्देश्य परिपूर्तिका लागि संयुक्त मन्त्रीमण्डलले एउटा 'अन्तरिम संविधान २००७' निर्माण गऱ्यो । यस अन्तरिम संविधानको घोषणा गर्दा राजा त्रिभुवनले निम्न कुरा उल्लेख गरेका थिए ।

"अब देखि हाम्रा प्रजाको शासन उनीहरूले आफैले रोजेको विधान परिषदले बनाएको प्रजातन्त्रात्मक विधान अनुसार हुनुपर्छ भन्ने दृढ संकल्प प्रकट गरिबक्सेको ..." (शाही, वि.सं. २०५२, पृ. ७)

उल्लेखित घोषणा विधान परिषदको निर्वाचनका लागि गरिएको सार्थक प्रयत्न थियो । तर घोषणा, २००७ साल फागुन ७ गतेको घोषणाको प्रतिकूल थियो । किनभने उनकै अघिल्लो घोषणाको महत्वपूर्ण अंश 'गणतन्त्रात्मक' शब्दावलीको स्थानमा प्रजातन्त्रात्मक भन्ने शब्द प्रयोग गरियो । मन्त्रीमण्डलहरू एकवर्ष पनि नटिक्नु, मन्त्रीमण्डलमा संलग्न व्यक्ति तथा दलहरूको बीचमा मेल नहुनु, नेताहरूमा अनुभवको कमी हुनु र राजा त्रिभुवन पुराना भारदारको दबावमा पर्नु आदि कारणले २००७ सालको मुख्य उपलब्धिका रूपमा रहेको विधान परिषदको निर्वाचन अनिश्चित बन्न पुग्यो (जोशी, इ.सं. २००४, पृ.१६७-१७५) । राजनीतिक अस्थिरताले सक्रिय राजनीतिमा आउन राजालाई सजिलो भयो (गुप्ता, इ.सं. १९९३, पृ. ९५) । राजाले अन्तरिम विधानलाई आफ्नो अनुकूल संशोधन गर्दै लगे । वि. सं. २०१० साल माघ ७ गतेको एक घोषणाद्वारा राजा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको प्रमुख बने (शाही, वि.सं. २०५२, पृ.७) । कसलाई प्रधानमन्त्री बनाउने, कसलाई मन्त्री बनाउने र कुन मन्त्रीलाई कहिले झिक्ने भन्ने सबै निर्णय राजाको स्वविवेकमा निर्भर रहने भयो । आफ्ना जीवनकालका थुप्रै घोषणाहरूमा आम निर्वाचनको माध्यमबाट विधान परिषद खडा गर्ने प्रतिवद्धता जाहेर गरेता पनि राजा त्रिभुवनवाट आम निर्वाचनका लागि ठोस कार्यमूलक पहल भने हुन सकेन । २००७ सालको क्रान्तिलाई राजाले आफ्नो परम्परागत अधिकारको पुनर्स्थापनाका रूपमा व्याख्या गरे (उदास, वि.सं. २०५३, पृ.२८७) । राजा महेन्द्रको राज्यरोहणपछिका केही वर्षमा नै संसदको निर्वाचन र विधानसभाको विषयलाई लिएर विवाद उत्पन्न भयो । युवराज अवस्थादेखि नै बहुदलीय -व्यवस्थाप्रति उनको राम्रो धारणा थिएन (श्री ५ को सरकार, वि.सं. २०२२, पृ. ५८२-५८६) । उनले राष्ट्र प्रमुखका हैसियतमा गरेका कुनैपनि भाषणमा घोषित विधानसभा निर्वाचनको प्रसङ्ग नै उल्लेख गरेनन् (श्री ५ को सरकार, वि.सं. २०२२, पृ.१-१२१) । उनका गतिविधिहरू विधानसभा निर्वाचनका लागि अनुकूल थिएनन् (मानन्धर, वि.सं. २०६३, पृ. १) । नेकपा भने सत्ताको राजनीतिबाट टाढा रही निरन्तर रूपमा विधानसभा निर्वाचनको लागि एकल र सामुहिक दुवै रूपमा निश्चित राजनीतिक दृष्टिकोण र क्रियाकलापका साथ नेपाली राजनीतिमा देखापरेको थियो । बि.पी.सँग मातृकाबाबुको मत भाँडिएपछि उनले पनि नेकपालाई परोक्ष/प्रत्यक्ष मद्दत गरेकै थिए । राजा त्रिभुवनको मन मातृकासँग मिलेको थियो ।

## विधानसभाको प्रश्न र पार्टीको प्रथम सम्मेलनः

नेकपा को प्रथम पार्टी सम्मेलन वि. सं. २००८ असोज ११ देखि १६ सम्म भारतको कलकत्तामा गोप्य रूपमा सम्पन्न भयो (पुष्पलाल, वि.सं. २०५३, पृ. ६४) । यो सम्मेलन २००७ सालको क्रान्तिको उपलब्धीलाई रक्षा गर्ने र जनताको आन्दोलनलाई अगाडि बढाउने उद्देश्यका साथ आयोजना गरिएको थियो । पार्टी सम्मेलनले राणा

विरोधी आन्दोलनबाट प्राप्त उपलब्धिलाई सुरक्षित र संस्थागत गर्नका लागि अन्य कुराका अलावा मूलभूत रूपमा तीनवटा कार्यनीति पास गऱ्यो जसमा :

(क) राजनीतिक पार्टी र विभिन्न जनवर्गीय सङ्गठनका प्रतिनीधि सामेल भएको राजनीतिक सम्मेलन आयोजना गरियोस र यस सम्मेलनलाई अन्तरिम संसदको मान्यता प्रदान गरियोस ।

(ख) विधानसभाको निर्वाचन निर्धारित समयभित्र सम्पन्न गरियोस ।

(ग) अन्तरिम संसदप्रति उत्तरदायि सरकार गठन गरियोस (के.सी., वि.सं. २०५६, पृ. २१६-२१७) ।

सम्मेलनले उक्त सर्तहरू पूरा नभएसम्म जनमत जाहेर गर्ने विधानसभा खडा हुन सक्दैन भन्ने कुरा प्रष्ट पाऱ्यो । यसै सम्मेलनले कम्युनिष्ट पार्टी र शासन व्यवस्थाको विश्लेषण गर्दै भन्यो:

"मुलुकमा सर्वोच्च अधिकार जनताको हातमा राख्ने र राज्यको सर्वोच्च अधिकार जनताले चुनेका प्रतिनिधीहरूको हातमा राख्ने, यी प्रतिनिधीहरूलाई निर्वाचकको बहुसंख्याले चाहेमा वापस बोलाउन सक्ने । यिनै प्रतिनिधिहरूले जनताको एउटा विधान र ऐन बनाउने सभा खडा गर्ने ...।" भन्ने प्रस्ताव पास गरी आफू जनताको सर्वोच्च अधिकारको रूपमा रहेको विधानसभा निर्वाचनको लागि प्रतिबद्ध रहेको प्रष्ट पार्दै राज्यको सर्वोच्च अधिकार निर्वाचित प्रतिनिधिले मात्र प्रयोग गर्न सक्ने आधुनिक शासन व्यवस्थाको परिकल्पना गऱ्यो (के.सी., वि.सं. २०५६, पृ. २२२) । तत्कालिन अस्थिर राजनितिक वातावरण अन्त्यकालागि ठोस कार्य दिशा निर्धारण गर्‍यो ।

## संविधानसभाको प्रश्न र द्वितीय पार्टी महाधिवेशन

पार्टीको प्रथम महाधिवेशन वि.सं. २०१० माघ १३ देखि १७ सम्म पाटनको गणबहालमा प्रतिबन्धित अवस्थामा नै सम्पन्न भएको थियो । पार्टीको प्रथम सम्मेलनदेखि प्रथम महाधिवेशनका विचमा पार्टीको आन्तरिक जीवन र राष्ट्रिय राजनीतिमा महत्वपूर्ण परिवर्तनहरू भएका थिए । प्राप्त उपलब्धिहरू माथि विभिन्न बहानामा सडयन्त्र हुन थालेपछि  प्राप्त उपलब्धि रक्षाका लागि नेकपा को पहल कदमिमा जातीय जनतान्त्रिक संयुक्त मोर्चाको गठन वि.सं. २००८ असार २३ गते भयो (देवकोटा, वि.सं. २०५८, पृ.७) । डा. के आई सिंह काण्डमा संलग्न भएको आरोपमा पार्टीमाथि प्रतिबन्ध लाग्यो (के.सी., वि.सं. २०५६, पृ. ९४) । यो काण्डमा कम्युनिष्ट पार्टीको कुनै प्रकारका प्रत्यक्ष संलग्नता नहुँदा नहुँदै पनि पार्टीमाथि प्रतिवन्ध लाग्नु डा. सिंह र नेकपा बिच दिल्ली सम्झौतालाई हेर्ने समान दृष्टिकोण पनि एउटा कारण थियो । प्रथम सम्मेलनबाट निर्वाचित पार्टी महासचिव पुष्पलाल बहुमतबाट हटाइए । पार्टी महासचिव मनमोहन अधिकारी बने (के.सी., वि.सं. २०५६, पृ. १७२) । उनी कृष्णप्रसाद कोइरालाका भान्जा थिए । वि.सं. २०१० साल भाद्र १० गते सम्पन्न काठमाडौं नगरपालिकाको निर्वाचनमा पार्टीले प्रतिबन्धित अवस्थामा पनि राम्रो जनमत प्राप्त गरी त्यसको नेतृत्व आफ्नो हातमा लिन सफल भयो (जनमत, असोज १८, वि.सं. २०१०, पृ.१) । राष्ट्रिय राजनीतिमा राजाको सक्रियता बढ्दो रूपमा देखा पर्‍यो । उनले आफ्नो अनुकूल सरकार हेरफेरको शिलशिला विहीन कार्य गरिरहेका थिए ( आचार्य, वि.सं. २०६४, पृ. १८) । नेकपाले काठमाडौंमा राम्रो जनमत प्राप्त गरेपछि उसले प्राप्त गरेको उपलब्धि

बाट राजा र नेपाली काग्रेस लगायत केहि दलहरू भयभित थिए । राजा उसको विधानसभा निर्वाचनको नीतिबाट सशङ्कित थिए भने केही दल उसले प्राप्त गरेको जनमतबाट आफ्नो अस्तित्वमा खतराको महसुस गरेका थिए भन्ने कुरा राजा तथा अन्य केही दलले नेकपालाई राष्ट्रिय राजनीतिको धारबाट टाढा राख्न का लागि डा.के.आई.सिंहको बिद्रोहमा जबरजस्ती संमलग्नता भएको आरोप लगाई प्रतिबन्धित गरेकोबाट प्रष्ट हुन्छ ( पुष्पलाल, वि.सं. २०५३, पृ. ९५)

प्रतिकूल राजनैतिक अवस्थाले विधानसभाको निर्वाचन अन्यौलता तर्फ गैरहेको थियो । तापनि नेकपा ले आफ्ना जनवर्गीय जनसङ्गठनका माध्यमबाट विधानसभाको निर्वाचनको प्रश्नलाई उठाउदै आएको थियो । यस्तो जटिल राजनीतिक परिवेशमा सम्पन्न हुने पार्टी महाधिवेशनले दल तथा राजाप्रति निश्चित दृष्टिकोण अवलम्बन गरी विधानसभाको निर्वाचनको लागि उपयुक्त वातावरण सृजना गर्नुपर्ने हुन्थ्यो । स्थगित आम निर्वाचनको वातावरण वनाउनु पार्टीको प्राथमिक जिम्मेवारी थियो । पार्टी महाधिवेशनले ति दुवै जिम्मेवारीहरूलाई सजगताका साथ सम्बोधन गर्न सफल भयो । राजाको बढ्दो शक्ति नियन्त्रण गर्दै घोषित विधानसभाको निर्वाचन सम्पन्न गर्न सबै पार्टीहरूसँग एकतावद्ध भएर अगाडी बढ्नुपर्ने आवश्यकताको महशुस पार्टीले गरेको थियो । पार्टी अधिवेशनले यस सम्वन्धमा निम्न कुराहरू पास गर्‍यो:

“बालिग मताधिकारको आधारमा विधानसभाको लागि एउटा जनतन्त्रवादी विधान बनाउनको निम्ति र किसानहरूको तत्कालिक खाँचोलाई पूरा गर्न भूमिसुधारकोनिम्तिमजदुर,दस्तकार,मध्यमवर्गहरू र राष्ट्रिय पूँजीपतिहरूको मागलाई पुरा गर्नको निम्ति सबै प्रगतिशील वर्गहरू, पार्टीहरू र शक्तिहरूलाई एउटा जनवादी मोर्चामा जम्मा गरियोस्” (के.सी., वि.सं. २०५६, पृ. २२९) ।

राजाको सन्दर्भमा महाधिवेशनले निम्न कुरा पास गऱ्यो:

“विद्रोहको केही दिन अघि महाराजधिराज भागेर हिन्दूस्तान पुगे र राणाहरूको निन्दा गरे । यसले गर्दा धेरैजसो मानिसहरू महाराजधिराज जनतन्त्रवादी हुन्, जनताका मित्र हुन् र उसका मागका समर्थक हुन् भन्ने भ्रम पऱ्यो । तर सत्य के थियो भने महाराजधिराज स्वयं त्यस सामन्त वर्गकै प्रतिनिधी थिए । जसले नेपालका जनतालाई पछौटे र दास बनाएर राखेको थियो । वास्तवमा महाराज धिराजको इच्छा जनआन्दोलनको लहरलाई आफ्नै स्वार्थतर्फ मोड्ने थियो, जसबाट उनी आफ्नो स्थिति बलियो बनाउन सकुन् । उनी एकसत्तात्मक व्यवस्थाको नै विरुद्ध नभएर खाली राणाहरूको एकसत्तात्मक व्यवस्थाको विरुद्ध थिए जसलाई हटाएर उनी आफ्नो एकसत्तात्मक व्यवस्था कायम गर्न चाहन्थे (के.सी., वि.सं.२०५६,पृ.२२९) ।

यसरी महाधिवेशनले अन्तरिम सरकारको विघटन पछीको राजनैतिक अनिश्चितताको प्रमुख कारक राजा भएको ठहर गऱ्यो । पार्टीले राजाबाट श्रृजित तत्कालिन समस्या हल गर्नको लागि जनतन्त्रवादी पार्टीहरू जनवर्गीय सङ्गठनहरू तथा व्यक्तिहरूको सम्मेलन मार्फत् अन्तरिम मन्त्रीमण्डलको छनौट गर्नुपर्ने धारणा अगाडि सार्‍यो । यस्तो मन्त्रीमण्डलले मात्र दोषरहित रूपमा विधान परिषदको निर्वाचनको वातावरण तयार गर्न सक्छ भन्ने विश्वास समेत पार्टीले जाहेर गयो । पार्टीको यो धारणा राजा तथा दरवारीयाहरूसँगको सम्बन्ध बिग्रनुको कारक तत्वको रूपमा रहेको थियो । प्रायः दलहरू आफ्नो नेतृत्वमा सरकार गठनको माग गरिरहेको बेला पार्टी महाधिवेशनले भने विधानसभाको निर्वाचन प्राथमिकतामा राखी पार्टीलाई कार्यक्रमिक तत्परता प्रदान गऱ्यो ।

पार्टी प्रतिबन्धित अवस्थामा रहेको भएता पनि आफ्ना भातृ सङ्गठन तथा जन र जनवर्गीय सङ्गठनका माध्यमबाट पार्टीले आफ्नो घोषित कार्यक्रम अगाडि बढायो । जस अनुसार जनअधिकार सुरक्षा समितिले पोखरा, काठमाडौं, महोत्तरी, बुटवल जस्ता शहरहरूमा कार्यकारिणी अधिकार आफ्नो हातमा लिने राजा त्रिभुवनको शाही घोषणाको विरोध गर्दै घोषित आम निर्वाचनका लागि ठूला ठूला जनप्रदर्शन समेत आयोजना गर्‍यो (मशाल, चैत्र १८, वि.सं. २०१०, पृ. १-३) । जनअधिकार सुरक्षा समिति मार्फत पार्टीले शाही घोषणाको विरोधी सङ्गठनको एकिकरण गरी देशव्यापी सम्मेलन गर्न समेत अपिल गर्‌यो (मशाल, वि.सं. २०११, पृ. २) । तर पार्टीले आम निर्वाचनका लागि जुन दवावमूलक कार्यक्रम ल्याउनु पर्दथ्यो त्यो भने ल्याउन सकेन । यसो हुनुको मुख्य कारण पार्टी प्रतिबन्धित अवस्थामा रहनु हो । वि. सं. २०१३ वैशाख ४ मा नेकपा पार्टीमाथिको प्रतिबन्ध टंकप्रसाद आचार्यको सरकारले हटायो (नेपाल बजेट, भाग ४, वि.सं. २०१३, पृ. १) । पार्टी खुला भएपछि भने उसले विधानसभा निर्वाचनका लागि आवाज उठाउन थाल्यो । राजतन्त्रवादी शक्तिहरू नेपालका सबै पार्टीहरूलाई शासनको लागि अयोग्य प्रमाणित गर्ने प्रयासमा रहेको,नेपाली काग्रेस समेत पार्टीको बद्नाम गराउन भुमिका निर्वाह गरिरहेको हुँदा पार्टी केन्द्रीय कमिटीको बैठकले राजतन्त्र विरोधी षड्यन्त्रलाई असफल पार्न र पुराना राजनीतिक तिक्तता लाई पन्छायर नेपाली जनतालाई पुर्ण अधिकार सम्पन्न बनाउन सर्वसत्ता सम्पन्न विधानसभाको चुनावका लागि नेपाली कांग्रेस, नेपाल प्रजा परिषद र अरु प्रजातन्त्रवादी पार्टीहरूलाई कार्यगत एकताको अपिल समेत गर्‌यो ।

(मशाल,१४असार,वि.सं.२०१३, पृ. १) ।

आगामी आम चुनाव संसद अथवा विधानसभाको लागि हुन्छ त्यसको निर्णय गर्न बाँकी छ भन्ने प्रधानमन्त्री टंकप्रसाद आचार्यको मन्तव्यको समेत पार्टी केन्द्रीय चुनाव बोर्डले यसरी विरोध प्रकट गर्‍यो :

"देशमा हुने आमचुनावमा जनताको सार्वभौम अधिकार सर्वोपरी रहनु पर्दछ । तथा यस आम चुनावले एकपूर्ण सार्वभौमसत्ता सम्पन्न विधान निर्माण गर्ने कामको साथै संसदको पनि कामचलाउने छ । देशमा प्रतिक्रियावादी शक्तिहरूबाट प्रजातन्त्रको हत्या हुनसक्ने सम्भावना भएकाले पुनरुत्थानवादी शक्तिहरूको विरुद्ध वैधानिक राजतन्त्रवादी र गणतन्त्रवादीहरू न्यूनतम कार्यक्रमको आधारमा संयुक्त भएमा प्रजातन्त्रको रक्षा हुन्छ (मशाल, आषाढ २८, वि.सं. २०१३, पृ. २) भन्ने धारणाअघि सारी संयुक्त मोर्चाको आवश्यकता रहेको कुरापट्टि अन्य दलको ध्यान आकर्षित गर्‍यो । आफ्नै पहलमा विभिन्न प्रजातन्त्रवादी पार्टीहरूसँग सर्वाधिकार सम्पन्न विधान परिषदको निर्वाचनका लागि लविङ्ग समेत गर्‍यो । २०१३ साल असाढ २७ गते पुष्पलाल, गणेशमान सिंह र डिल्लीरमण रेग्मीले सर्वाधिकार सम्पन्न विधान परिषदको लागि हुने आम चुनाव आफ्नो एकताको मुख्य आधार हो भन्ने संयुक्त वक्तव्य प्रकाशित गरे (मशाल, असार २८, वि.सं. २०१३, पृ.३) । पार्टी केन्द्रीय कमिटीको बैठकले उक्त वक्तव्यको समर्थन गर्दै संयुक्त मोर्चाको वातावरण तयार गर्न एकअर्का दललाई गाली गर्ने कुरालाई बन्देज लगाउन पर्ने ठहर समेत गर्‍यो (मशाल, असार १४, वि.सं. २०१४, पृ. १) । पार्टी खुला भएपछि पार्टीले विधानसभाको निर्वाचन निश्चित तिथिमा सम्पन्न गर्न दुई प्रकारको रणनीति अख्तियार गरेको देखिन्छ । पहिलो रणनीति अनुसार पार्टीको पहलमा देशव्यापी रूपमा चुनाव दिवस मनाई विधानसभाको निर्वाचनका लागि सरकारलाई दवाव दिँदै पार्टीको पक्षमा जनमत सिर्जना गर्ने र दोस्रो रणनीति अनुसार सोही उद्देश्य परिपूर्तिका

लागि संयुक्त मोर्चाको पहल पनि निरन्तर रूपमा गरिरहने (मशाल, असार २१, वि.सं. २०१३, पृ. १) । बारम्बार स्थगित हुँदै गैरहेको घोषित निर्वाचनमा जनताको मत दिने अधिकारको सुनिश्चितताको लागि पनि पार्टी सजग रहेको देखिन्छ । नेकपा को केन्द्रीय चुनाव बोर्डले २०१३ साल श्रावण १९ गते प्रधानमन्त्री टंकप्रसाद आचार्यसँग भेट गरी आम चुनाव सम्वन्धमा निम्न सुझावहरू दियो :

"क (१) आगामी २०१४ सालको श्रावणमा २१ वर्ष पुग्ने प्रत्येक नागरिकलाई भोट दिने अधिकार हुनुपर्दछ । अर्थात् २०१३ मा २० वर्ष पुग्ने नागरिक २०१४ सालमा २१ वर्ष पुग्ने गरी नाम लेखाउनु पर्दछ ।

(२) हाल चुनाव सूची तयार गर्न खटाइएका चुनाव अफिसरहरूको संख्या तथा कारिन्दाहरू कम भएकोले २ महिनामा सो काम भ्याउन सक्दैनन् । अतः एवं कार्यक्षेत्र सानो गरी संख्या बढाउनुपर्छ ।

(३) अफिसरहरूले स्थानीय राजनीतिक पार्टी एवं सदस्यहरूको सहयोगको साथै मतदान केन्द्रबारे निर्णय गर्न उनीहरूको राय लिनै पर्छ ।

(४) चुनाव क्षेत्रको वितरणमा यसरी प्रबन्ध गरियोस् की कमसेकम ज्यादा से ज्यादाको फरक ७०००० देखि ९०००० भित्र सीमित रहोस् । यसो गर्दा १०० भन्दा बढी चुनाव क्षेत्र हुन आउँछ भने पनि राख्नुपर्छ ।

(ख) चुनाव समय ज्यादै थोरै रहेकाले चुनाव कानुन २ महिना भित्रै मसौदाका रूपमा प्रकाशित गरी सरकार तर्फबाट सर्वसाधारणको बीच छलफलको लागि प्रसारित गरियोस् । प्रकाशनको ३ महिना पछि आम पार्टी सम्मेलन बोलाइ सरोकारलिइयोस्।

(ग) आगामी आम चुनाव सार्वभौमसत्ता सम्पन्न विधानसभा एवं संसदको लागि हुनुपर्दछ (मशाल, १४ श्रावण, वि.सं. २०१३, पृ. १-२) ।

उल्लेखित सुझावहरूको माध्यमबाट पार्टीले सरकारलाई विद्यमान प्राविधिक तथा कानुनी कमिकमजोरीहरू सुधार गर्नुपर्ने सम्बन्धमा समेत सरकारको ध्यानाकर्षण गरेको देखिन्छ । पार्टीको २०१३ साल पौष ७ देखि २३ सम्म चलेको केन्द्रीय कमिटीको बैठकले तोकिएको मितिमा निर्वाचन सम्पन्न नहुनुमा अन्य पार्टी तथा आफ्नो पनि कमजोरी रहेको स्वीकार गऱ्यो । पार्टी बैठकले विधानसभाको निर्वाचनका लागि सरकारलाई दवाव दिन अन्य पार्टीलाई पनि अपिल गऱ्यो (मशाल, ३० पौष, वि.सं. २०१३, पृ. १) । पार्टीको केन्द्रीय कमिटीको यसै बैठकले निश्चित समयमा विधानसभा निर्वाचनका लागि प्रधानमन्त्री टंकप्रसाद आचार्यलाई चेतावनी सहितको स्मृति पत्र पेश गऱ्यो (मशाल, १० माघ, वि.सं. २०१३,पृ.३)। यसै स्मृति पत्रमा यो उल्लेख गरिएको छ कि "आज जवकी देशका प्रजातान्त्रिक पार्टी र प्रजातान्त्रिक तत्वहरू चुनाव विधानसभाको लागि हुनुपर्छ भनी जोड दिँदै आएका छन् । तपाईको सरकार चुप रही जानीजानी यस विषयलाई भ्रामक बनाउदैछ । केन्द्रीय कमिटी यो निश्कर्ष निकाल्दछ कि तपाइको सरकार चुनावप्रति ज्यादै नै -उदासिनतातिर ढल्किदै छ चुनाव टाल्ने पक्षमा छ (मशाल, १० माघ, वि.सं. २०१३, पृ. १) "यसै केन्द्रीय कमिटीको बैठकले पेश गरेको माग २ महिनाभित्र पूरा नगरेमा सरकार विरुद्ध देशव्यापी रूपमा संघर्ष गर्ने चेतावनी पनि दिएको थियो । केन्द्रीय कमिटीले निर्वाचनको विषयमा आचार्य सरकार समक्ष निम्नलिखित माग पेश गरेको थियो ।

(१) आम चुनाव के को निमित्त हुने हो सरकारी स्तरमा घोषणा होस् ।

(२) मतदाताहरूको सूची तथा प्रस्तावित रूपमा चुनाव कानुन प्रकाशित गरियोस् ।

(३) चुनाव क्षेत्र तथा प्रस्तावित चुनाव कानुनलाई अन्तिम रूप दिन गैह्र राजनीतिक पार्टीहरूको प्रतिनिधी बोलाइ बैठक गरियोस् ।

(४) निस्पक्ष र स्वतन्त्र चुनावको लागि मौलिक अधिकारको ग्यारेन्टी गर्न 'दण्ड विधान' आदिका मौलिक अधिकार विरोधी धाराहरू रद्ध गरियोस् (मशाल, १० माघ, वि.सं. २०१३, पृ. १) ।

यसै मितिको केन्द्रीय कमिटीको बैठकले पेश गरिएका मागहरू फागुन अन्तिम हप्तासम्ममा कार्यान्वयन गराउन आ-आफ्नो स्थानमा सभाजुलुश तथा दस्तखत आन्दोलन चलाउन आफ्ना तमाम युनिट तथा पार्टी सदस्यहरूलाई अपिल समेत गयो । तर पार्टीद्वारा पेश गरिएका मागहरूप्रति सरकार गम्भीर नभएको र पार्टीले दिएको चेतावनी आगामी फागुन २४ गते समाप्त हुन गैरहेको हुँदा फागुन २० गतेका दिन देशव्यापी चुनाव दिवस मनाउन पार्टी सदस्यहरूलाई आह्वान गयो । पार्टीले दिएको अल्टिमेटमप्रति सरकारले उदासिनता प्रदर्शन गरिरहेको समयमा नै फागुन २७ देखि १ चैतसम्म रौतहटको गौरमा पार्टी केन्द्रिय समितिको वैठक बस्यो (मशाल, चैत्र ७, वि.सं. २०१३, पृ. १) । यस गौर बैठकले आमचुनाव सम्बन्धी पार्टी निर्णयहरू कार्यान्वयनमा सबै प्रान्तले प्रमुखताका साथ जोड नदिएको, पार्टी केन्द्रीय कमिटी सदस्यहरूले आफ्नो इलाकामा पहलकदमी नदेखाएको, आन्दोलनलाई अघि बढाउन केन्द्रीय नेतृत्वले देशव्यापी भ्रमण नगरेको जस्ता गल्ती स्वीकार गऱ्यो (के.सी., वि.सं. २०६२, पृ.१४१-१४४) । ४२ बैठकले आचार्य सरकारको कडा आलोचना गर्दै पार्टी 'विधानसभाको निर्वाचन' को पूर्व निर्णयमा अटल रहने दृढता समेत व्यक्त गऱ्यो । र पार्टीको पूर्ववत माग पूरा गराउन एजिटेशनल मुभमेन्ट गर्ने निर्णय गर्‍यो । विधानसभा निर्वाचनको मागका लागि गरिने आगामी विरोध कार्यक्रमलाई प्रभावशाली बनाउनु पार्टी केन्द्रीय नेतृत्वले देशव्यापी रूपमा दौडाहा कार्यक्रम गर्ने समेत निर्णय गऱ्यो । तर केन्द्रीय कमिटीको यही बैठकले पार्टीको द्वितीय महाधिवेशन २०१४ जेष्ठ १५ देखि गर्ने निर्णय गरेकोले गौर बैठकले निर्देश गरेको विधानसभा निर्वाचन विषयक प्रस्तावित पार्टी कार्यक्रम भने अगाडि बढ्न सकेन ।

## संविधानसभाको प्रश्न र द्वितीय पार्टी महाधिवेशन

वि.सं. २०१४ जेष्ठ १४ गते काठमाडौंको दामोदर शमसेर जबराको फोहरा दरबारमा पार्टीको द्वितीय खुल्ला महाधिवेशन भएको थियो (मशाल, १७ जेठ, वि.सं. २०१४, पृ. १) । यो नै पार्टीको खुला महाधिवेशन थियो । पहिलो पार्टी महाधिवेशनबाट निर्वाचित पार्टी महासचिव मनमोहन अधिकारी चीनमै रहेकोले कार्यवाहक महासचिव केशरजङ्ग रायमाझी व्यवहारिक रूपमा महासचिवको काम गरेका थिए । यस महाधिवेशनमा ४ वटा राजनीतिक 'लाइन'हरू प्रस्तुत गरिएको थियो । महाधिवेशनमा प्रस्तावित कार्यक्रमका सम्बन्धमा ठूलो मतभिन्नता रहेको पाइन्छ । पार्टीको कायममुकायम महासचिव केशरजङ्ग रायमाझीले संसदीय व्यवस्था र संवैधानिक राजतन्त्रको पक्षमा पार्टी कार्यक्रम प्रस्तुत गरेका थिए (के.सी., वि.सं. २०५६, पृ.१७६) । सम्भुराम श्रेष्ठले आफूले प्रस्तुत गरेको कार्यक्रम संविधानसभा र जनगणतन्त्रको हो भनि दावा गरेका थिए (श्रेष्ठ, वि.सं. २०४७, पृ. ११३) । पुष्पलालद्वारा लिखित दस्तावेजहरूमा भने नयाँ जनवादी कार्यक्रम र संविधानसभाका निम्ति संघर्ष गर्ने आफ्नो कार्यनीति पास भएको दावा गरेका छन् (पुष्पलाल, वि.सं. २०५३, पृ. १०४-१०५) । डि. पी. अधिकारीले भने यस

महाधिवेशनमा पार्टी केन्द्रले 'पार्टी कार्यक्रममा परिवर्तन किन ?' भन्ने दस्तावेज प्रस्तुत भएको उल्लेख गरेका छन् तापनि उक्त कार्यक्रम अधिवेशनले अस्वीकार गरेको कुरा बताएका छन् (के.सी. २०५६, पृ. १७६) । पार्टी अधिवेशनमा प्रस्तुत कार्यक्रम र पारित कार्यक्रमका बीचमा बिवाद देखिए तापनि सो अधिवेशनले पार्टी केन्द्रबाट प्रस्तुत कार्यक्रम अस्वीकार गरी पुष्पलालद्वारा सभास्थलमा नै तयार पारेको नारा 'गणतन्त्रको नारालाई सुरक्षित राख्दै तत्काल विधानसभाका लागि संघर्ष गर्ने' कार्यक्रम पास भएको थियो । महाधिवेशनले पार्टी पोलिटव्यूरोको बहुमतले प्रस्तुत गरेका कार्यक्रम अस्विकार गरी पोलिटव्यूरोका अल्पमत पक्षका नेता पुष्पलालद्वारा सभास्थलमा नै तयार पारेको संक्षिप्त नारा 'गणतन्त्रको नारालाई सुरक्षित राख्दै विधानसभाको संघर्षमा जोड दिने' प्रस्ताव पारित भएको थियो (.सिंह, वि.सं. २०४४, पृ. २८४) । पार्टी महाधिवेशनमा पारित कार्यक्रम प्रस्तोता समूहको नेतृत्व चुनिनु पर्ने थियो । तर पारित कार्यक्रमका इतर पक्ष नेतृत्वमा आउन सफल भए ।

फोहरा दरवारमा गरिएको महाधिवेशनले पारित कार्यक्रम र नेतृत्वको बिचमा उचित तालमेल मिलाउन सकेन । ' विधानसभाको संघर्षमा जोड दिने' भन्ने पारित कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने सैद्धान्तिक कार्यप्रणाली उल्लेखनै गरिएन । पार्टी केन्द्रको बहुमत पक्ष पारित राजनीतिक कार्यक्रमको विपक्षमा भएकोले कार्यक्रमलाई महत्वका साथ अगाडि बढाउने प्रयास नै भएन । फलस्वरूप पार्टी दिशा विहिन अवस्थामा रह्यो । वि. सं. २०१४ आसाढ १९ गतेका दिन टंकप्रसाद आचार्यले प्रधानमन्त्रीको पदबाट त्याग पत्र दिएपछि अर्को मन्त्रीमण्डल गठन नहुदासम्म देशमा एक किसिमको राजनैतिक अन्यौलताको स्थिति कायम रह्यो । वि.सं. २०१४ आसाढ ३१ गते टंकप्रसाद आचार्यले दिएको राजिनामा स्वीकृत गर्दै विभिन्न राजनीतिक दलहरूसँग कुराकानी गरी १५ दिनभित्र मन्त्रीमण्डल बनाउन छलफल गरी जाहेर गर्न संयुक्त प्रजा पार्टी नेपालका अध्यक्ष डाक्टर आई. के. सिंहलाई जिम्मा दिएको कुरा पनि राजाले शाही घोषणामा व्यक्त गरे (श्री ५ को सरकार, वि.सं. २०२२, पृ. ५८२-५८६) । राजा महेन्द्रले टंकप्रसाद आचार्यको मन्त्रीमण्डल विघटन गर्दा 'आम निर्वाचन' सम्बन्धी कुनै कुरा व्यक्त नगरेकोले राजनीतिक दलहरू राजाको कदम र भनाईबाट सशङ्कित हुन पुगेका थिए (गौतम, वि.सं. २०६३, पृ.२४७) । वि. सं. २०१४ श्रावण २ गते पार्टी पोलिटव्यूरो बैठकले गतिरोधपूर्ण तत्कालिन राजनीतिक अवस्थाको विश्लेषण गर्दै निम्न कुरा व्यक्त गऱ्यो :

“शाही घोषणाद्वारा प्रजातान्त्रिक आवाजको उपेक्षा गर्न काम कारवाहीले गर्दा वर्तमान देशको राजनीतिक वातावरण ज्यादै नै संगिन भएर गएको छ । शाही दरबारबाट हाल जुन प्रकारको कदम सारिँदै छ यसले देशको राजनीतिलाई अन्धकार दिशातिर नै मोड्ने काम गरेको छ । देशको सबभन्दा जल्दो समस्या आम निर्वाचनको सवालमा शाही घोषणामा उल्लेख नहुनु र साथै प्रजातान्त्रिक प्रणालीको विपरीतको मन्त्रीमण्डलको घोषणा हुनुले देशको भविष्य अनिश्चय बनाइदिएको छ” (मशाल, वि.सं. २०१४, श्रावण ४, पृ.१)अगाडी भनिएको छ :

“देशमा आम निर्वाचन शुद्ध र प्रजातान्त्रिक ढङ्गबाट गराउने उद्देश्यमा ऐले सबैको विश्वसनीय र जवाफदेही सरकारको गठन हुनु आवश्यक छ । देशका सबै प्रजातान्त्रिक पार्टीहरूको एउटा राजनैतिक सम्मेलन हुनु पर्दछ । यही सम्मेलनले कस्तो प्रकारको सरकार गठन गर्ने हो भन्ने निर्णय गर्न सक्ने छन् । सबै प्रजातान्त्रिक पार्टीहरूबाट बन्ने संयुक्त सरकारको मागलाई नै पार्टीले सामनेमा ल्याउने काम गर्दछ । जसमा नेपाल कम्युनिष्ट पार्टीकोपनि प्रतिनिधि आवश्यक छ सम्भन्छ” (मशाल, ४ श्रावण, वि.सं. २०१४, पृ.१) ।

नेपाल कम्युनिष्ट पार्टीको उल्लेखित दृष्टिकोणले उक्त विधानसभाको निर्वाचनका लागि प्रतिवद्ध रहदै सरकारगठन गर्दा आफ्नो उपस्थिती पनि शुनिश्चित गर्न चाहन्थ्यो भन्ने देखिन्छ । तर नयाँ मन्त्रीमण्डल गठनको राजाबाटै जिम्मेवारी प्राप्त गरेका डाक्टर के.आई. ..सिंहले भने यस विषयमा नेकपासँग कुनै पनि कुराकानी सम्म गरेनन् । पार्टी समक्ष यस विषयमा कुनै पनि कुराकानी नचलाउँदा र डा. के. आई. सिंहप्रति पार्टी सशङ्कित भयो । डा. के. आई. सिंहको सो व्यवहारप्रति लक्षित गर्दै वि. सं. २०१४ श्रावण ८ गते नेपाल कम्युनिष्ट पार्टीका नेता डा. केशरजङ्ग रायमाझीले पनि " डाक्टर के. आई. सिंहलाई मन्त्रीमण्डल गठन गर्ने अवसर दिइन्छ भने स्वयम् श्री ५ ले शाही घोषणाको उल्लंघन गरेको ठहरिन्छ । डा. सिंहद्वारा मन्त्रीमण्डल गठन भएको खण्डमा हामी त्यसलाई प्रतिक्रियावादी सरकार भनेर त्यसको विरोध गर्नेछौं (देवकोटा, वि.सं. २०५८, पृ. ५४६) भन्ने प्रतिक्रिया व्यक्त गर्‍यो ।

राजा महेन्द्रको घोषणा तथा डा. के.आई. सिंहको मन्त्रीमण्डल गठनमा पार्टीलाई किनारामा पुर्‍याउने हर्कत देख्दा समेत सो विरुद्ध कार्यक्रम ल्याउन सकेन । सबै प्रजातान्त्रिक पार्टीहरू मिलेर एउटै मञ्चमा उभिएर न्यूनतम कार्यक्रमको आधारमा विधानसभा निर्वाचन विरोधी पक्षका विरुद्धमा लड्ने पक्षमा कम्युनिष्ट पार्टी रहेको भए तापनि अन्य पार्टीहरू उसको लोकप्रियता सँग डराई नेकपासँग कार्यगत एकताका लागि सम्म तयार भएनन् । वि.सं. २०१४ श्रावण २४ गते - गठन भएको नेपाली कांग्रेस, नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजापरिषद्को त्रिपार्टी प्रजातान्त्रिक मोर्चाको गठनलाई नेपाल कम्युनिष्ट पार्टीले "विगत अनुभवको प्रतिक्रिया स्वरूप नै पार्टीहरूमा आउन लागेको सजगता हो भन्ने कुरामा केही आशंका छैन " भन्दै उक्त मोर्चाको स्वागत गयो । तर मोर्चाका एकजना सदस्य भद्रकाली मिश्रले आफ्नो एउटा वक्तव्यमा "नेपाल कम्युनिष्ट पार्टी अति उग्रवादी पार्टी भएकोले मोर्चामा संलग्न नगराइएको" अभिव्यक्ति दिए (नवयुग, १५ कार्तिक, वि.सं. २०१५, पृ. १) । तापनि पार्टी मोर्चाको कार्यक्रममा सहभागी हुने पक्षमा थियो । वि. सं. २०१४ मंसिर महिनामा तत्कालिन पार्टी महासचिव केशरजङ्ग रायमाझीले तत्कालिन पार्टी मुखपत्र 'नवयुग' लाई दिएको अन्तर्वार्तामा "२००७ को अन्तरिम विधानमै चुनाव विधानसभाका लागि हुनेछ भनिए पछि पुनः यो कुरा उठाउनुमा कुनै औचित्य छैन" (नवयुग २८, कार्तिक, वि.सं. २०१५, पृ. १) भनेका थिए । काठमाडौं लगायत विभिन्न जिल्लाहरूमा चुनाव अनिश्चित कालका लागि रोकिएको र विधानसभाको चुनावको प्रश्नलाई लिएर विरोध प्रदर्शन भई नै रहेका थिए । पछिल्लो पटक कार्तिक १७, २०१४ मा उत्तर गण्डक प्रान्तीय कमिटी र उपत्यकाका तीनै जिल्ला कमिटी र प्रमुख कार्यकर्ता समेतको संयुक्त बैठकले विधान परिषदको चुनावको सुनिश्चितताको लागि संघर्षको मैदानमा उत्रने निर्णय लिएको थियो । पार्टीले श्रावण ७, २०१५ लाई देशव्यापी चुनाव दिवसको रूपमा मनाउने निर्णय गरी गैह्र जिल्लाहरूका पार्टी समितिहरूलाई कार्यक्रम सफल पार्न निर्देशन समेत दिएको थियो (नवयुग १५, कार्तिक, वि.सं. २०१५, पृ. १) । तर वि.सं. २०१४ कार्तिक २४ देखि मार्ग ४ सम्म काठमाडौंमा वसेको पार्टीको केन्द्रिय समितिको बैठकले भने पार्टीको घोषित कार्यक्रम र प्रजातान्त्रिक मोर्चाको घोषित कार्यक्रमको उद्देश्य समान भएकोले दुवै कार्यक्रमलाई एकैसाथ लैजाने सम्बन्धमा निम्न निर्णयहरू गर्‍यो :

आम निर्वाचनलाई सुनिश्चित गराउनका लागि देशका पार्टीहरूको संयुक्त आह्वानमा तलैदेखि जनताको व्यापक

आन्दोलनलाई उठाउने काम हुनुपर्छ भन्ने नेपाल कम्युनिष्ट पार्टीले पहिलेदेखि नै भन्दै आएको कुरा हो । यही संयुक्त जनशक्तिको आवश्यकतालाई नै ध्यानमा राखी यसलाई व्यापक बनाउने उद्देश्यले नै गत आश्विन मसान्त (अक्टोवर १६, १९५७) मा निर्वाचन हुने घोषित तिथिदेखि नै कम्युनिष्ट पार्टीले देशव्यापी रूपमा प्रचारात्मक आन्दोलनलाई अगाडी बढाउने काम गर्दै आएको हो । कम्युनिष्ट पार्टीको केन्द्रीय समिति प्रजातान्त्रिक मोर्चाको आव्हानमा २२ मार्ग देखि आरम्भ हुने आन्दोलनलाई पनि समान रूपले एकै पक्षमा आम निर्वाचनको ग्यारेन्टीको सम्बन्धमा नै रहेकोले यसलाई स्वागत गर्दै संयुक्त आन्दोलन चलाउने आवश्यकतामाथि जोड दिने काम गर्दछ ( नवयुग, ४ मार्ग, वि.सं. २०१४, पृ. १-२) ।

तर प्रजातान्त्रिक मोर्चासँग मिलेर संयुक्त कार्यक्रम सञ्चालन गर्दा मोर्चावाट पार्टीलाई धोखा हुने सम्भावनातर्फ सतर्क रहँदै सो आन्दोलनमा सक्रिय रूपले भाग लिने वचनवद्धता प्रकट गऱ्यो । उक्त आन्दोलन सञ्चालन र अन्त्यको सम्वन्धमा समेत पार्टीले निम्न दृष्टिकोण अघि साऱ्यो :

(क) आन्दोलनले तोकेको निश्चित समयमा चुनावको तिथि घोषणा गर्नुपर्छ भन्ने माग पुरा नहुँदै मन्त्रीमण्डलमा सामेल हुनबाट सतर्क रहने ।

(ख) अन्य पार्टीहरूले कम्युनिष्ट पार्टीलाई आफ्नो स्वार्थको निमित्त मात्र प्रयोग गर्लान् भन्ने कुरामा सचेत रहने ।

(ग) पार्टीको स्वतन्त्र अस्तित्वको रक्षा गर्दै हरप्रकारका तोडफोडबाट आन्दोलनको रक्षा गरी आन्दोलनलाई सफलतासम्म पुऱ्याउने ।

(घ) उल्लेखित सिद्धान्तका आधारमा पार्टीलाई पनि संलग्न गराउन अपील गर्ने ।

(ङ) समस्याको समाधानको बाटो पत्ता लगाउन राजालाई राजनैतिक सम्मेलनमा बोलाउन अपील गर्ने (के.सी., वि.सं. २०५६, पृ. १२३-१२४) ।

पार्टीले मोर्चामा संलग्न हुनका लागि गरेको अप्रत्यक्ष आग्रहलाई मोर्चाले चासो नदेखाए तापनि पार्टीले कतिपय स्थानको मोर्चाको सत्याग्रहको कार्यक्रममा नेतृत्व प्रदान गऱ्यो भने पार्टीको पहलमा पार्टीका विभिन्न भातृसंगठनहरू पनि सत्याग्रहमा सक्रिय भए । पार्टीको नेतृत्वमा महोत्तरी, चैनपुर, विराटनगर, भोजपुर, वन्दिपुर, भक्तपुर, ललितपुर आदि स्थानमा आन्दोलन सञ्चालन भयो (के.सी., वि.सं. २०५६, पृ. ११५) । देशमा सत्याग्रह आन्दोलनको गति बढ्दै गएको हुँदा राजा महेन्द्रले वि.सं. २०१४ पौष १ का दिनमा एक शाही घोषणा मार्फत २०१५ फागुन ७ गते देखि चुनाव प्रारम्भ हुनेछ भन्ने घोषणा गरे (श्री ५ को सरकार, वि.सं. २०२२, पृ. १२३-१२४) । पार्टी पोलिट व्यूरोले एउटा वक्तव्य मार्फत् शाही घोषणाको आलोचनात्मक समर्थन गर्दै आफूलाई सत्याग्रहबाट अलग राख्ने निर्णय गऱ्यो (नवयग, पौष १०, वि.सं. २०१४, पृ. २) । प्रमुख मुद्दाका रूपमा रहेको चुनाव के का लागि ? भन्ने विषयमा भने पार्टीले कुनै प्रष्ट दृष्टिकोण सार्वजनिक गर्न सकेन । नेपाल कम्युनिष्ट पार्टी २०१४ माघ १९ को शाही घोषणा पूर्वको अवस्थामा निरन्तर रूपमा सार्वभौमसत्ता सम्पन्न विधान परिषदको पक्षमा रहँदै आएको थियो । पार्टी “राजाले निश्चित रूपमा संविधानमुनि बस्नु पर्दछ र उनले विधानमुनि रहने छु भनेर शपथ खानु पर्दछ भन्ने कुरामा दृढ थियो । केही गरी जनताद्वारा चुनिएर आएको विधानसभाले राजाले गद्दीबाट हट्नुपर्छ भन्ने निर्णय लिएको अवस्थामा राजाले त्यसलाई पनि स्वीकार गर्नु पर्दछ

(के.सी., वि.सं. २०५६, पृ. १११)" यस्तो स्पष्ट दृष्टिकोण राख्दै विधानसभा निर्वाचनका लागि विभिन्न आन्दोलन सञ्चालन गर्दै आएको नेकपाले वि.सं. २०१४ माघ १९ को राजा महेन्द्रको घोषणालाई स्वीकार गर्न पुग्यो । उक्त घोषणामा स्पष्ट रूपमा राजाद्वारा प्रदत्त संविधानको आधारमा चुनाव विधान परिषद्का लागि नभै संसदका लागि गरिने निश्चितता प्रदान गरिएको थियो । शाही घोषणा माथि छलफल गर्न फागुन १६-१७, २०१४ मा जनकपुरमा आयोजित केन्द्रीय समितिको बैठकले "१९ माघको शाही घोषणाले आन्तरिक संविधानको विपरित संसदको चुनावको घोषणा गरेकोमा त्यसको प्रोटेष्ट गर्दै संसदको चुनावमा भाग लिने निर्णय गऱ्यो (के.सी., वि.सं. २०५६, पृ. ११२) । संविधान सभाको निर्वाचन भएमा कम्युनिष्टहरु बहुमतमा आउने र दरबार कमजोर हुने कुरा नेकपाले बारम्बार गरिरहेको र राजा महेन्द्रलाई संविधान सभा नगराउनमा दरबार परस्तहरुले जोड दिईरहेका थिए । पार्टी केन्द्रीय चुनाव वोर्डले राजा महेन्द्रद्वारा घोषित "आम चुनावको तिथिलाई एउटा ठूलो र राजनैतिक संघर्षको रूपमा पार्टीले मानेको छ" भन्ने प्रतिक्रिया व्यक्त गर्दै घोषित निर्वाचनको निर्णयलाई स्वीकार गऱ्यो (के.सी. २०५६, पृ. १११) । चुनावलाई पार्टीले सहर्ष स्वीकार गरेको सङ्केत दियो । जनकपुरमा वसेको केन्द्रीय समितिको बैठकको निर्णय पार्टी द्वितीय महाधिवेशनको पारित कार्यक्रम विरुद्ध गयो । पार्टी केन्द्रले "द्वितीय महाधिवेशनले नेपाली टाइपको (प्रकारको) प्रजातान्त्रिक कार्यक्रमको उदेश्य राखी यसको प्राप्तिको निमित्त शान्तिपूर्ण तरिकाको संसदीय प्रणालीको वाटो देखाएको छ । संसदमा बहुमत प्राप्त गरी संसदलाई जनताको इच्छाको हतियार बनाइ यसकोपछिल्तिर विशाल जनसंघर्ष तयार गरी आफ्नो लक्ष्य प्राप्त गर्न सकिने सम्भावना छ (के.सी., वि.सं. २०५६, पृ. १५६-१६५) ।" भन्ने गलत तर्क पेश गर्दै कम्युनिष्ट पार्टीले तत्कालिन समयसम्म जोगाएर राखेको विधानसभाको लागि संघर्ष गर्ने भन्ने पार्टी नीति विधिवत रूपमा समापन हुन गई पार्टीले दरबारको निर्णय स्वीकार गरि कम्युनिष्ट सिदान्त र लक्ष्य प्रति विश्वासघात गर्न पुग्यो । यस्तो पार्टी को पारित बिचार बिरोधी नेतृत्व को गतिविधिले निष्ठावान कार्यकर्ताहरुले पार्टीको जनकपुर बैठकको निर्णय विरुद्ध उत्तरगण्डक प्रान्तीय कमिटीले केन्द्रसँग सम्बन्ध नै विच्छेद गऱ्यो । केन्द्रको सो निर्णय विरुद्ध कैयौं जिल्ला समिति तथा कतिपय केन्द्रीय समिती सदस्यहरूले आ-आफ्नो पदबाट राजिनामा दिए । मध्यगण्डक प्रान्तीय कमिटी र पूर्वकोशी प्रान्तीय कमिटीले समेत पार्टी केन्द्रको निर्णय विरुद्ध आफ्नो प्रान्तको इन्चार्ज केन्द्रलाई सुम्पिदियो ( के.सी., वि.सं. २०५६, पृ. ४५-४७) । उत्तर गण्डक प्रान्तीय कमिटीले केन्द्रीय कमिटीको संसदको चुनावमा भाग लिने निर्णय विरुद्ध केन्द्रिय कमिटीलाई प्रेसित राजनीतिक प्रस्तावमा भनिएको छ :

कम्युनिष्ट पार्टीको नयाँ जनवाद र समाजवाद प्राप्त गर्ने सवालमा पूर्ण राजनैतिक स्वतन्त्रताको प्राप्ति कम्युनिष्टको सिद्धान्तको विपरित भएर पनि एउटा महत्वपूर्ण शर्त भएकोले केन्द्रीय समितिले गत माघ १९ गतेको शाही घोषणा अनुसार संसदीय निर्वाचनलाई स्वीकार गरेर ठूलो गल्ती गरेको छ । वास्तवमा यो भनेको व्यवहारिकताको नाउँमा पार्टीको नीतिलाई पूँजीवादी स्तरमा ओराल्ने चालमात्र हो । किनभने यो प्रश्न संविधानसभा वा संसदको निर्वाचन सम्म मात्र सीमित रहँदैन । प्रश्न के मा रहन्छ भने देशको सार्वभौम सत्ता कसको हातमा रहने, राजा अथवा जनता । सो संसदको चुनाव हुनु भनेको संविधानसभाको चुनाव नहुनु मात्र होइन मुलुकमाथि जनताको सार्वभौमसत्ता समाप्त हुनु पनि हो (के.सी., वि.सं. २०५६, पृ. ११९-१२७) भन्दै पार्टी

केन्द्रको निर्णय विरुद्ध उभियो तापनि वि.सं. २०१५ जेठ २४ देखि काठमाडौंमा बसेको पार्टी केन्द्रीय समितिको बैठकले विधानसभाको मागलाई "एउटा आदर्शवादी विचार" ठहऱ्याउँदै सो विचारको विरोध नै गरी कम्युनिष्ट पार्टीको जनतामा रहेको प्रतिष्ठा र लोकप्रीयतामाथी नै खेलवाड गर्न पुग्यो । यसै बैठकले "पाटी नेतृत्वले संसदको नारा उठाउनुपर्नेमा विधानसभाको नारा उठाउनु गलत थियो । देशको वस्तुस्थितिबाट विधानसभाको चुनाव सम्भव छैन भन्दै संसदको चुनावमा भाग लिने निर्णय गरिसकेपछि विधान सभाको लागि संघर्षको औचित्य रहँदैन" भन्ने ठहर गरि नेतृत्व राजदरबार तथा प्रतिकियाबादिहरुको इशारामा संचालन भएको पुष्टि हुन पुग्यो (के.सी., वि.सं. २०५६,पृ.११२) । पार्टीको केन्द्रीय कमिटीको बहुमत पक्षले त विधानसभाको निर्वाचन पार्टीले आदर्शको रूपमा मात्र उठाएको प्रष्ट पार्दै "विधानसभा हाम्रो उद्देश्य होइन । हाम्रो उद्देश्य देशमा प्रजातन्त्र, समाजवाद र साम्यवाद ल्याउनु हो । यो लक्ष्य प्राप्तिका लागि पाटीले शान्तिपूर्ण संसदीय बाटोको घोषणा गरिसकेको छ । अतः हाम्रो साधन संसद नै हो र विधानसभा पनि संसदभित्रकै कुरा हो । अतः यही विधानसभाको बाटो भन्ने सवाल छैन भन्दै विधानसभाको निर्वाचनको नारा उठाउनुलाई पनि पार्टी बहुमतले गलत देख्यो । पार्टी बहुमत द्वितीय महाधिवेशनको निर्णय विरुद्ध देखा परेपछि पार्टीमा तलैसम्म तीव्र मतभेद र अन्तर पार्टी संघर्ष सुरु भयो । नेकपा लगायत अन्य पार्टीहरूले संसदको निर्वाचन स्वीकार गरेपछि तत्कालका लागि राजनैतिक दलहरु राजा र राजवादीहरुबाट पराजित हुन पुगे ।

**निष्कर्ष**

नेपाल कम्युनिष्ट पाटीले शोषित जनताले शासनमा हिस्सा प्राप्त हुनु पर्ने कुरा उठाई अप्रत्यक्ष रूपमा विधान बनाउने अधिकार जनतामा सुरक्षित हुनुपर्ने कुरा उठाएको थियो । वि.सं. २००७ सालको क्रान्तिपछि राजा त्रिभुवनले विधानसभा मार्फत् भावि संविधान निर्माणको प्रतिबद्धता व्यक्त गरेका थिए । तर उनीबाट नै विधानसभा निर्वाचनको सार्थक पहल हुन सकेन । मन्त्रीमण्डल चाँडै चाँडै गठन र विघटन हुनु, मन्त्रीमण्डलमा संलग्न व्यक्ति तथा दलहरूको बिचमा मेल नहुनु, नेताहरूमा अनुभवको कमी हुनु, पुराना भारदारहरूबाट राजा निर्देशित हुनु आदि कारणले विधानसभाको निर्वाचन अनिश्चय बन्दै गयो । राजा त्रिभुवन तथा उनका उत्तराधिकारी प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा विधानसभा निर्वाचन विरुद्ध सरकारलाई नै प्रयोग गरे ।

नेकपा भने विधानसभा निर्वाचनका लागि निश्चित नीति र कार्यक्रमका साथ देखा परेको थियो । पार्टीको कलकत्ता सम्मेलन देखि द्वितीय महाधिवेशनमा मूल कार्यनीतिका रूपमा विधानसभाको नारालाई अगाडी सारेको थियो । तर द्वितीय महाधिवेशनमा भने पारित कार्यक्रमको विपक्षीहरू नेतृत्वमा आउन सफल भएकोले विधानसभाको पार्टी नारा सेलाएर गयो । बहुमत पार्टीको नेतृत्वले संसदको निर्वाचनको घोषणालाई स्वीकार गर्यो । पार्टी बहुमत नेतृत्वले द्वितीय महाधिवेशनको पारित कार्यक्रम विपरीत संसदको निर्वाचनहुने भन्ने प्रतिक्रियाबादि तथा जनबिरोधि दरबारिया सड्यन्त्र लाई उसै तर्फ लहसिन पुगेका मुख्य नेतृत्व तहका नेताले स्वागत गरेको हुँदा पार्टीकै उत्तर गण्ड प्रान्तीय कमिटीले सम्बन्ध नै विच्छेद गर्यो । नेकपा लगायत अन्य पार्टीहरूले विधानसभाको मागलाई परित्याग गरि संसदिय निर्वाचनको घोषणालाई स्वागत गरेपछि वि.सं. २००७ को क्रान्तिको मुल उपलब्धिका रुपमा रहेको संविधान सभाको निर्वाचनको प्रश्न सेलायर गयो ।

## सन्दर्भ सामग्री

**(क) प्रकाशित अन्तर्वार्ता**

रायमाझी, केशरजङ्ग, "चुनाव विधानसभाका लागि नै" (विशेष अन्तर्वार्ता), नवयुग साप्ताहिक, काठमाडौं : २०१४, कार्तिक २८ ।

**(ख) दस्तावेजहरू**

के.सी., सुरेन्द्र, ऐतिहासिक दस्तावेज संग्रह, पहिलो भाग, काठमाडौं : पैरवी प्रकाशन, वि.सं. २०६२ ।

शाही, डि.के., सातसालपछि सातसाल, काठमाडौं : साझा प्रकाशन, वि.सं. २०५२ ।

**(ग) भाषण तथा घोषणापत्रहरू**

नेपाल सरकार, नेपाल गजेट, भाग-४, खण्ड-६, संख्या-२, वि.सं. २०१३ ।

श्री ५ सरकार पञ्चायत मन्त्रालय, श्री ५ महाराजधिराजबाट बक्सेका भाषण र सन्देशहरू, (२०११ साल चैत्रदेखि २०२१ सम्म), श्री ५ को सरकार, पञ्चायत मन्त्रालय, प्रचार विभाग, वि.सं. २०२२

**(घ) प्रकाशित नेपाली पुस्तकहरू**

अधिकारी, सुर्यमणि, नेपाली कांग्रेसको इतिहास, काठमाडौंः भुँडीपुराण प्रकाशन, वि.सं. २०५९ ।

आचार्य, मधु, संविधानसभा प्रकृति र प्रक्रिया, काठमाडौं : बुद्ध एकेडेमिक पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स प्रा.लि., वि.सं. २०६४ ।

उदास, गेहेन्द्रमान, नेपालमा प्रजातन्त्र र श्री ५ त्रिभुवन, प्रकाशनस्थान अनुल्लिखित : प्रतापसिंह राई नाछिरिङ, वि.सं. २०५३ ।

के. सी., सुरेन्द्र, नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, वि.सं. २०५६ ।

गौतम, राजेश, नेपालको प्रजातान्त्रिक आन्दोलन र डा. के.आई. सिंह, प्रकाशन स्थान अनुल्लिखित : नुरप्रतापजङ्ग राणा) वि.सं. २०५२

देवकोटा, गृष्मवहादुर, नेपालको राजनीतिक दर्पण, भाग-१, काठमाडौं : उमेशबहादुर देवकोटा, वि.सं. २०५८ ।

पुष्पलाल, नेपालमा कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास, काठमाडौं : पुष्पलाल स्मृति प्रतिष्ठान, वि.सं. २०५३ ।

श्रेष्ठ, शम्भुराम, मेरो राजनैतिक जीवनका संस्मरणहरू, काठमाडौं : ग्वाली गुथी, शम्भुराम श्रेष्ठ कृति प्रकाशन समिति) वि.सं.- २०६६

सिंह, मोहनविक्रम, चारदशक, दोस्रो खण्ड, गोरखपुर : जनसाहित्य प्रकाशन, ई.सं. २००० ।

**(ङ) प्रकाशित अङ्ग्रेजी पुस्तकहरू**

गुप्ता, अनिरुधा, पोलिटिक्स इन नेपाल १९५०-६०, न्यू दिल्ली : कालिङ्गा पब्लिकेशन, ई.सं. १९९३ ।

जोशी, भुवनलाल र लियो इ. रोज, डेमोक्रेटिक इनोभेशन्स इन नेपाल : ए केशस्टडी अफ पोलिटिकल एकल्चरेशन, काठमाडौं : मण्डला पब्लिकेशन, ई.सं. २००४ ।

**(च) अप्रकाशित शोधपत्र**

पन्थी, माधवराज, नेपालमे साम्यवादी आन्दोलन : पुष्पलालके योगदान के सन्दर्भ में, भारत : विद्यावारीधी उपाधीका लागि कुमाउ विश्वविद्यालय कुमाउमा प्रस्तुत अप्रकाशित शोधपत्र ई.सं. २००७

**(च) प्रकाशित लेख**

मानन्धर, त्रिरत्न, "नेपालमा संविधानसभा कि संसद एक प्रश्न", नवआलोक त्रैमासिक, वर्ष १, अङ्क१, कार्तिक - मंसिर, वि.सं. २०६३,

**(छ) पत्रपत्रिकाहरू**

जनमत (नेपाली साप्ताहिक), काठमाडौं : आश्विन १८, २०१०

नवयुग (तात्कालीन साप्ताहिक), काठमाडौं (तत्कालीन नेकपाको मुखपत्र)

मार्ग ७, २०१४

कार्तिक १५, २०१५

चैत्र १८, २०१०

असार १४, २०१३

असार २८, २०१३

पौष ३०, २०१३

चैत्र ७, २०१३

श्रावण ४, २०१४

कार्तिक १५, २०१४

मशाल (नेपाली साप्ताहिक), काठमाडौं :

जेष्ठ ११, २०११

असार २१, २०१३

श्रावण २४, २०१३

माघ १०, २०१३

जेष्ठ १७, २०१४